प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

## कोशी प्रदेश, इनरुवा, सुनसरी,

**प्रस्ताव आव्हवान सम्बन्धि सूचना ।**

प्रथम पटक प्रकाशित मिति २०८०/०६/०२

प्रस्ताव पेश गर्ने अन्तिम मिति २०८०/०७/०१

यस विज्ञ केन्द्रको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार " **प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७" र प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८** बमोजिमका शर्तहरु पालना गरी कार्यक्रमहरु कार्यान्वयनका लागि सुनसरी जिल्लाका इच्छुक कृषक, समुह/समिति, सहकारी संस्था/व्यवसायिक फर्म/कम्पनी/निजी उद्यमी/व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले तिस दिन भित्र तोकिएको ढाँचामा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, इनरुवा, सुनसरीमा प्रस्ताव दर्ता गर्नु हुन आह्वान गरिन्छ । साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु दर्ता गराइने छैन ।

थप जानकारीका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सुनसरीको फोन नं.०२५-५६५१६२, यस कार्यालयका प्राविधिक सहायक श्री गोपाल अधिकारीको मोवाईल नं. ९८४२४०२०१९ मा सम्पर्क राख्नु हुन वा कार्यालयको वेभसाईट www. vhlssunsari.gov.np बाट **"प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ र प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमाली, २०७८"** डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।

कार्यक्रम विवरण :

| क्र.सं. | कार्यक्रमको नाम | उपलब्ध हुन सक्ने अधिकतम अनुदान प्रतिशत/रकम | मापदण्ड |
|---|---|---|---|
| १ | दुध उत्पादनका आधारमा अनुदान | दुध उत्पादन गर्ने कृषकहरुले दुध संकलन केन्द्रहरुमा दुध विक्री कृषकहरुको लागि प्रति लिटर रु. दुई मात्र । | १. दुध संकलन गर्ने संस्थाले कम्तिमा दैनिक ५०० लिटर दुध संकलन गरेको हुनु पर्नेछ ।<br>२. कार्यक्रममा सहभागी कृषकहरुले वार्षिक २०० दिन संकलन गरेको हुनु पर्नेछ ।<br>३. खरिद गरेको दुध न्यूतम नेपाल सरकारको गुणस्तर मापदण्ड पुगेको हुनु पर्नेछ ।<br>४. दुध संकलन गर्ने संस्थामा चिलिङ्ग भ्याट भएको हुनु पर्नेछ । |
| २ | मत्स्य नर्सरी निर्माण तथा | कुल लागतको पचहतर प्रतिशत वा बढीमा रु. दुई लाख मात्र । | १. कम्तिमा एक हेक्टर जलाशयमा माछा पालन गरेको हुनु पर्नेछ । |

| क्र.सं. | कार्यक्रमको नाम | उपलब्ध हुन सक्ने अधिकतम अनुदान प्रतिशत/रकम | मापदण्ड |
|---|---|---|---|
| | व्यवस्थापन | | २. मत्स्य बीमा गरेकाहरुलाई प्राथमिकता दिईनेछ । |
| ३ | मत्स्य यान्त्रीकिकरणमा अनुदान सहयोग | कुल लागतको पचहतर प्रतिशत वा बढीमा रु. पचास हजार मात्र । | १. कम्तिमा छ कठ्ठा जलाशयमा माछा पालन गरेको हुनु पर्नेछ । २. मत्स्य बीमा गरेकाहरुलाई प्राथमिकता दिईनेछ । |

**प्रस्तावसंग संलग्न गर्नु पर्ने कागजातहरुहरु :**

१. राजश्व तिरेको रसिद (व्यक्तिगतको हकमा रु. १००।०० र संस्थागतको हकमा रु. २००।०० तिरेको सक्कलै भौचर ।

**राजश्व जम्मा गर्ने विवरण:** कार्यालयको नामः भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,सुनसरी
बैंकको नामः राष्ट्रिय बाणिज्य बैंक कार्यालय कोड नं. ३१२०२१४०११
कार्यालय खाता नं. १००००२०१०१०००१ राजश्व शिर्षक नं. १४२२९

२. अनुसूची-२ बमोजिमको फर्म कार्यालयबाट लिन सक्नु हुनेछ तथा (www.vhlssunsari.gov.np बाट डाउनलोड गर्न सक्नु हुनेछ)

३. आवदेकको नेपाली नागरिकताको प्रतिलिपि

४. अधिकारीक निकायमा दर्ता/नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि

५ प्यान/भ्याट दर्ताको प्रमाण पत्रको प्रतिलिपि

६. अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ताको प्रतिलिपि

७. स्थानिय तहको पशुपन्छी विकास शाखाको सिफारिस पत्र

८. कार्यक्रम कार्यान्वय स्थलको जग्गाको स्वामित्व देखिने कागजातहरुको प्रतिलिपि (लालपुर्जा र मालपोत तिरेको रसिद)

९. जग्गा भाडा भए कम्तिमा १० वर्षको वडा कार्यालयको रोहवरमा गरेको सम्झौता पत्र र नोटरीबाट प्रमाणित गरेको प्रतिलिपि

१०. तिन वर्ष भित्र अनुदान नलिएको स्वघोषणा पत्र

११. लागत साझेदारी गर्ने प्रतिबद्धता

कुमार सिंह खत्री
निमित्त कार्यालय प्रमुख